साझा सेवा
(सहकारी संस्था) लि.

सम्पर्क कार्यालय : पाटनढोका, ललितपुर
केन्द्रिय कार्यालय : बल्खु, काठमाण्डौ
E-mail : sajhapsl@gmail.com
Website : www.sajhasewa.com.np
☎ कार्यकारी प्रमुख ५००५५४८
लेखा शाखा ५००५५४९
पेट्रोल पम्प :-
पुल्चोक ५५५३३०९
लेखा (पम्प) ५५५४८८४, ८६
बल्खु ४६७१९८९

पत्र सङ्ख्या :-

च. नं :-

मितिः २०७३।०५।१६

विषय :-

# प्रेस विज्ञप्ति

साझा सेवा (सहकारी संस्था) लि. बाट लामो समयदेखि सर्वसाधारणलाई आफ्नो सेवा सिमाको परिधीमा रही सेवा पुऱ्याउंदै आएको ब्यहोरा अवगत नै छ । विशेष गरी पेट्रोलियम पदार्थको विक्री वितरणमा केन्द्रीत रही सहज/असहज सबै अवस्थामा पनि परीमाणात्मक र गुणात्मक रुपमा संस्थागत अनुशासनको मर्यादा पालन गर्दे आएको हो । यसको प्रमाणित आधार नै सरकारी, गैरसरकारी संघ संस्था र सर्वसाधारणको विश्वास हो । जसको फलस्वरुप साझा आयल स्टोर पुलचोकको विक्री वितरणको भूमिका अग्रणी रहेको छ । "साझा" प्रतिको विश्वास नै हाम्रो लागि सबैभन्दा ठूलो अवसर र चुनौती पनि हो । साझा सेवाले पेट्रोलियम पदार्थको व्यापारलाई विश्वसनीयता प्रदान गर्ने हेतुले साझा आयल स्टोरको नामबाट आफ्नो लोगो सहितको ट्रेडमार्क दर्ता गरी यस क्षेत्रको व्यापारमा आधिकारीक प्रमाण सहितको संस्थागत स्वरुप दिन खोजेको छ । हाम्रा प्रयास प्रति सबैको सकारात्मक सहयोगले हामीलाई काम गर्ने प्रेरणा दिएको छ ।

यस संस्थाबाट संचालित साझा आयल स्टोरहरुमा रहेका डिजीटल डिस्पेन्सिङ्ग पम्पहरु नियमित रुपमा प्राविधिक जांच गरिंदै आएको हो । सोहि क्रममा पुलचोक स्थित ६ वटा डिजीटल डिस्पेन्सिङ्ग पम्प मध्ये डिजेल डेलीभरी मापन जाँच गरी डिजेल डिस्पेन्सिङ्ग पम्प थान -१ मा मर्मत गराई ०७३ साल श्रावण १६ गतेका दिन गुणस्तर तथा नापतौल विभागबाट सील लगाई अनुमती पश्चात पुनः संचालनमा आइको हो । त्यसको १० दिन पछि २०७३ साल श्रावण २६ गते गुणस्तर तथा नापतौल क्षेत्रीय कार्यालय काठमाडौंबाट खटिएर आउनु भएका वरिष्ठ निरीक्षक श्री कमल ओझाको नेतृत्वको टोलीबाट पुनः नापजाँच गर्दा डेलीभरी मापन सही रुपमा भईरहेको पाइएकोले निरन्तर सेवा पुऱ्याउंदै आइएको हो । २०७३ साल भाद्र ६ गते नियमित गरिने डेलीभरी मापन जाँच पश्चात इन्धन विक्री वितरण भईरहेको अवस्थामा वरिष्ठ निरीक्षक श्री कमल ओझाज्यूकै नेतृत्वमा आएको संयुक्त अनुगमन टोलीबाट दिनको करीव अपरान्ह २:०० बजे जाँचगर्दा ११ दिन पहिलेको जाँचमा सहि अवस्थामा रहेको "डिजेल डिस्पेन्सिङ्ग" को डेलीभरी मापनमा एकरुपता नभएको पाइयो । सी.नं. १३१७७२३ को रीयल टेक कम्पनीको सिङ्गल नोजल उक्त डिस्पेन्सिङ्ग डिजेल पम्प

# साझा सेवा

(सहकारी संस्था) लि.

सम्पर्क कार्यालय : पाटनढोका, ललितपुर
केन्द्रिय कार्यालय : बल्खु, काठमाण्डौ
E-mail : sajhapsl@gmail.com
Website : www.sajhasewa.com.np

| | |
|---|---|
| कार्यकारी प्रमुख | ५००५५४८ |
| लेखा शाखा | ५००५५४९ |
| पेट्रोल पम्प :- | |
| पुल्चोक | ५५५३३०९ |
| लेखा (पम्प) | ५५५४८८४, ८६ |
| बल्खु | ४६७१९८९ |


पत्र सङ्ख्या :-

च. नं :-

**विषय :-**

थान - १ मा विक्री वितरण नगर्ने गरी सिल्ड लगाउनु लाई संस्थाले अस्वाभाविक रुपमा नलिएको व्यहोरा अनुरोध गर्दछौं । अधिकतम सावधानी अपनाउँदा अपनाउँदै पनि मानवीय त्रुटी नभई प्राविधिक गडबढीका कारण ५ मिनेटको जाँचको अन्तरालमा फरक-फरक मापन देखिनु नै आफैमा प्राविधिक कारण रहेको व्यहोरा अनुरोध गर्दछौं ।

विक्री वितरण सेवालाई सर्वोपरी प्राथमिकता दिई नियमनकारी निकायबाट नियमित जाँच गराई सेवा प्रदान गर्ने र साझा सेवा जस्तो जिम्मेवार संस्थाबाट इतिहासको लामो अन्तरालमा आजका मितिसम्म अनियमित हुने कुनै कार्य नभएको र त्यस्तो नियत, नीति र उद्देश्य समेत यस संस्थाको नरहेको व्यहोरा अनुरोध गर्दछौं । नाकाबन्दी जस्तो विषम अवस्थामा पनि दैनिक १६ घण्टाको सेवा सरकारी र सर्वसाधारणलाई पुऱ्याउन पाएकोमा संस्थाले गौरवान्वित अनुभूती गरेको छ ।

आधिकारीक निकायहरुबाट नियमित तथा आकस्मिक अनुगमनलाई हामी सधैं स्वागत गर्दछौं र यो कार्य आवश्यक पनि छ । पेट्रोलियम पदार्थ विक्री वितरण र यसको संवेदनशीलता प्रति सम्बन्धित निकायमा यसका संचालन प्रकृया, प्रविधि, मापदण्ड लगायतका सबै पक्ष बारे व्यवहारिक समाधानका लागि सुझाव लगायतका प्रस्तावहरु यस संस्थाबाट वेला वखतमा राखिदै आईएको हो ।

अन्त्यमा यस संस्थाबाट संचालित आयल स्टोरहरुमा ग्राहकको सद्भाव र विश्वासलाई अक्षुन्न र पारदर्शी तथा स्तरीय सेवा प्रतिको प्रतिवद्धतालाई कायम राख्न पुलचोकस्थित आयल स्टोरका प्राविधिक समस्याका रुपमा रहेका पेट्रोल तथा डिजेलका डिजीटल डिस्पेन्सर डेलीभरी पम्पहरु विस्थापित गरी नयां डिस्पेन्सिङ्ग पम्प राख्न १४ भाद्र २०७३ मा बसेको संचालक समितिको वैठकबाट निर्णय समेत भईसकेको व्यहोरा अनुरोध गर्दछौं । साथै यस्तो संवेदनशील विषयमा यथार्थ विवरणको सम्प्रेषण, प्रकाशन र प्रसारण प्रति राष्ट्रको चौंथो अंगलाई हार्दिक अपिल पनि गर्दछौं ।

......................
(दिनेश पौडैल)
कार्यकारी प्रमुख

कार्यकारी प्रमुख